# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७७।०३।२८ गते।

## प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

तत्कालीन जिल्ला वन कार्यालय बाराका सहायक वन अधिकृत विन्देश्वर प्रसाद पटेलले जिल्ला वन कार्यालय, बारा अन्तर्गत वरियापुर नर्सरीमा राष्ट्रपति चुरेको बाँसको विरुवा खरिदमा व्यापक अनियमितता गरेको भन्नेसमेत व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा तत्कालीन जिल्ला वन कार्यालय, बारामा कार्यरत सहायक वन अधिकृत विन्देश्वर प्रसाद पटेलले राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास कार्यक्रम वंगरी नदी प्रणालीतर्फ दुई हजारवटा दुईबर्षे बाँसको कलमी राइजोम उत्पादन वा खरिद तथा रोपण गरी नर्सरी व्याड निर्माणको लागि २०७५ फागुन मसान्तभित्रमा कार्य सम्पन्न गरिसक्ने गरी रु. ३,००,०००।— (तीन लाख) को कार्यादेश अनुसार कुनै पनि काम नगरी नर्सरीमा पहिले नै मौज्दात रहेको बाँसको विरुवालाई उल्लेखित कार्यादेश अनुसार खरिद गरेको भनी नक्कली बिल पेश गरी सोही बिलको आधारमा जाँचपास तथा पेश्की फछ्र्यौटको लागि कागजात पेश गरेको देखिन आएको हुँदा निजले उक्त कार्यादेशतर्फको रु. ३,००,०००।— बदनियतपूर्ण मनसायले दुरुपयोग गरेको पुष्टि भएकोले निजले प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ङ) बमोजिमको कसुर गरेको हुँदा निज विन्देश्वर प्रसाद पटेललाई बिगो रु. ३,००,०००।— कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी ऐ. दफा ८ को उपदफा (१) बमोजिम बिगो असुल उपर गरी पाउनसमेत मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला